Shaheed Smriti Peer Reviewed Journal Year: 13 No.: 10, 2024

**DOI:** https://doi.org/10.3126/shaheedsmriti.v13i10.76822

# प्रायोगिक भाषाविज्ञानको उपयोगिता

**डा. केशव भुसाल**
उपप्राध्यापक, नेपाली शिक्षा विभाग,
शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर
Email: keshabbhusal.tu@gmail.com

**लेखसार**

*प्रस्तुत लेख प्रायोगिक भाषाविज्ञानमा आधारित रहेको छ । यसमा प्रायोगिक भाषाविज्ञानको उपयोगिताबारे अध्ययन गरिएको छ । प्रायोगिक भाषाविज्ञानको उपयोगिता प्रस्तुत गर्नु यस अध्ययनको मुख्य उद्देश्यका रुपमा रहेको छ भने प्रायोगिक भाषाविज्ञानका शिक्षणीय र शिक्षणेतर उपयोगिता प्रस्तुत गर्नु यस अध्ययनका विशिष्ट उद्देश्यका रुपमा रहेका छन् । प्रस्तुत अध्ययन गुणात्मक अध्ययन विधिमा आधारित रहेको छ । यस अध्ययनमा ऐतिहासिक अध्ययन पद्धतिको प्रयोग गरिएको छ । यसमा पुस्तकालयीय कार्यका माध्यमबाट अङ्ग्रेजी र नेपाली सैद्धान्तिक सामग्रीहरुको; ङ\कलन गरिएको छ । त्यसरी सङ्कलन गरिएका सामग्रीहरु मूलतः द्वितीयक स्रोतका सामग्रीहरु रहेका छन् । यस अध्ययनबाट प्राप्त तथ्यलाई विभिन्न उपशीर्षकहरुमा विभक्त गरी व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनका आधारमा प्रायोगिक भाषाविज्ञान भाषा प्रयोगका समस्त क्षेत्रका लागि उपयोगी रहेको देखिन्छ । सिकाइ शिक्षणमा सहयोग पुऱ्याउन, सिकाइ शिक्षणका समस्या समाधान गर्न, समालोचनात्मक अध्ययन गर्न, भाषाको व्याख्यात्मक अध्ययन गर्न, भाषिक मूल्याङ्कनलाई प्रभावकारी बनाउन सघाउने हुनाले प्रायोगिक भाषाविज्ञान शैक्षणिक दृष्टिले उपयोगी रहेको छ । यसअतिरिक्त प्रायोगिक भाषाविज्ञानले सङ्कथन विश्लेषण, शैलीविज्ञान, कोशविज्ञान, अनुवादविज्ञान, प्रकरणार्थ भाषाविज्ञान, सामाजिक भाषाविज्ञान, मनोभाषाविज्ञान, स्नायुविज्ञान, मानवशास्त्रीय भाषाविज्ञान, जातिभाषिक अध्ययन, प्रतीकविज्ञान, भाषिकाविज्ञान, गणितीय भाषाविज्ञान, अर्थशास्त्रीय भाषाविज्ञान, कर्पस भाषाविज्ञान, सूचना तथा सञ्चार विज्ञान, भाषा योजना, बोली उपचारलगायतका क्षेत्रमा सघाउ पुऱ्याउने भएकाले यसको शिक्षणेतर उपयोगिता पनि रहेको छ । यस अध्ययनबाट प्रायोगिक भाषाविज्ञानका क्षेत्रमा क्रियाशील तथा यस क्षेत्रमा रूचिकर जोकोहीका लागि पनि आवश्यक सहयोग उपलब्ध हुने अपेक्षा गरिएको छ ।*

प्रमुख शब्दावली : *प्रायोगिक भाषाविज्ञान, प्रायोगिक भाषाविज्ञानको उपयोगिता, प्रायोगिक भाषाविज्ञानको शैक्षणिक उपयोगिता, प्रायोगिक भाषाविज्ञानको शिक्षणेतर उपयोगिता ।*

## अध्ययनको पृष्ठभूमि

भाषाको प्रयोग पक्षमा आधारित भई गरिने अध्ययनलाई प्रायोगिक भाषाविज्ञान भनिन्छ । ब्रुम्फिट (सन् १९९७) का अनुसार प्रायोगिक भाषाविज्ञानले वास्तविक संसारका समस्याको सैद्धान्तिक र प्रयोगात्मक खोजलाई जनाउँदछ, जसमा भाषा केन्द्रीय वा मुख्य मुद्दाका रुपमा रहेको हुन्छ । यसले सैद्धान्तिक भाषाविज्ञानका मान्यताहरुको अनुप्रयोग गर्दछ । प्रायोगिक

भाषाविज्ञानलाई जनाउन अङ्ग्रेजीमा ‘अप्लाइड लिङ्ग्विस्टिक्स’ ९बउउषभिम ीष्लनगष्कतष्अक० पदावलीको प्रयोग गरिएको पाइन्छ । अङ्ग्रेजीमा यस पदावलीको प्रथम प्रयोग सन् १९३१ मा प्रकाशित लक हार्टको कृति वर्ड इकनमीः अ स्टडी इन अप्लाइड लिङ्ग्विस्टिक्स मा गरिएको देखिन्छ । यद्यपि सन् १९४६ मा अमेरिकाको मिसिगन विश्वविद्यालयले यसलाई कोर्समा समावेश गरेसँगै यसले स्वतन्त्र विधाका रुप ग्रहण गरेको मानिन्छ । त्यसो त सन् १९४८ मा यसै विश्वविद्यालयअन्तर्गत प्रकाशित ल्याङ्ग्वेज लर्निङ ९ीबलनगबनभ ीभबचलष्लन० नामक जर्नलमा यस पदाललीको प्रयोग गरिएपछि यसले विश्वव्यापी चर्चा र विस्तार पाउँदै गएको देखिन्छ ।

प्रायोगिक भाषाविज्ञान वैज्ञानिक सिद्धान्तमा आधारित पद्धति हो । यसले निर्मित सिद्धान्तका आधारमा भाषासम्बद्ध समस्याको प्रयोगपरक विश्लेषण गर्दछ । कप्लान (सन् २००२) का अनुसार प्रायोगिक भाषाविज्ञानले नयाँ सिद्धान्त स्थापित गर्ने काम गर्दैन । यद्यपि यसले नयाँ तथ्यको विश्लेषणमा भने चासो राख्दछ । डेभिस र क्याथ्रिन (सन् २००४) का अनुसार प्रायोगिक भाषाविज्ञान सैद्धान्तिक अध्ययन होइन । बरू सैद्धान्तिक अध्ययनका निष्कर्ष प्रयोग गर्ने विधा हो । यस अर्थमा प्रायोगिक भाषाविज्ञानलाई भाषाको प्रयोगपरक अध्ययनमा आधारित विधाका रुपमा उल्लेख गर्न सकिन्छ ।

प्रायोगिक भाषाविज्ञानलले परम्परागत रुपमा दोस्रो र विदेशी भाषाशिक्षण तथा त्यसनिबद्ध समस्याहरुको समाधानलाई मात्र जनाएको पाइन्छ । बन्स (सन् २०१०) का अनुसार “केही समय पहिलो, दोस्रो र विदेशी भाषाशिक्षण प्रायोगिक भाषाविज्ञानका पर्यायवाचीका रुपमा थिए” (पृ ४) । जसको मुख्य उद्देश्य दोस्रो र विदेशी भाषाको सिकाइ र शिक्षणको अध्ययन गर्नु, भाषा सिकाइ र शिक्षणका समस्या पहिचान गर्नु र समस्या समाधानका लागि प्रयोगात्मक चरण वा तरिका पत्ता लगाउनु रहेको थियो भने मुख्य जोड शिक्षक तालिम र शिक्षण, सामग्री विकास, परीक्षण र मूल्याङ्कनलगायतमा रहेको थियो । आधुनिक दृष्टिमा चाहिँ यसले भाषा प्रयोगका समग्र क्षेत्रहरुलाई समेट्दछ । जसअन्तर्गत सङ्कथन विश्लेषण, शैलीविज्ञान, कोशविज्ञान, अनुवादविज्ञान, प्रकरणार्थविज्ञान, वाक्चिकित्सा, व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, साक्षरता अध्ययन, भाषा नीति र योजना, द्विभाषिकता, बहुभाषिकता, कुराकानी विश्लेषण, साङ्केतिक भाषाविज्ञानलगायत पर्दछन् । डेभिस र क्याथ्रिन (सन् २००४) का अनुसार “प्रायोगिक भाषाविज्ञानले सङ्कुचित अर्थमा भाषा शिक्षणलाई जनाउँदछ भने वृहत् अर्थमा वाक्चिकित्सा, अनुवाद, भाषायोजनालगायतलाई दर्साउँछ” (पृ २) । यसको वृहतार्थलाई दृष्टिगत गरी ‘प्रायोगिक भाषाविज्ञान’ लाई भाषिक प्रयोगको अध्ययसम्बद्ध विभिन्न क्षेत्रलाई समेट्ने साझा शब्दका रुपमा समेत उल्लेख गरिएको पाइन्छ । स्मिथ र मर्सिया (सन् २००२, पृ. १) का अनुसार वास्तविक संसारका भाषिक समस्या समाधान गर्नका लागि प्रायोगिक भाषाविज्ञानलाई यस रुपमा प्रयोग गरिन्छ :

– हामीलाई भाषाबारे के थाहा छ ?
– भाषा कसरी सिकिन्छ ?
- भाषाको प्रयोग कसरी गरिन्छ ?

(डेभिस र क्याथ्रिन, २००४, पृ ४ मा उद्घृत)

प्रायोगिक भाषाविज्ञानका सन्दर्भमा ग्राब (सन् २०१०) को दृष्टिकोण पनि यसभन्दा भिन्न देखिदैन । उनका अनुसार प्रायोगिक भाषाविज्ञानको जोड भाषामा आधारित समस्याको समाधानसँग सम्बन्धित रहेको छ । जससँग मानिसहरु वास्तविक संसारमा जुधिरहेका छन् र

ती सिकारू, शिक्षक, सुपरीवेक्षक, वकिल, सेवा प्रदायक, सामाजिक सेवाग्राही, परीक्षक, नीति निर्माता, कोश निर्माता, अनुवादक, व्यापारिक ग्राहकहरुलगायत हुन सक्छन् । उनका दृष्टिमा प्रायोगिक भाषाविज्ञानलाई चिनाउने मुख्य बुँदाहरु निम्नानुसार रहेका छन् :

- प्रायोगिक भाषाविज्ञानलाई प्राज्ञिक विधाका रुपमा चिनाउने विभिन्न सङ्केत वा आधारहरु छन् : पेसागत जर्नल, पेसागत सङ्गठन, अन्तर्राष्ट्रिय मान्यताप्राप्त क्षेत्र, अनुसन्धान परियोजनाका लागि स्रोत, प्रायोगिक भाषावैज्ञानिकहरु, प्रायोगिक भाषावैज्ञानिक बन्न चाहने विद्यार्थीहरु आदि ।
- प्रायोगिक भाषाविज्ञानसँग सम्बन्धित विभिन्न सम्मेलनहरु हुने गरेका छन् ।
- प्रायोगिक भाषाविज्ञानले भाषाविज्ञानलाई मुख्य ज्ञानका रुपमा प्रयोग गरी भाषिक समस्याको समाधान गर्दछ ।
- प्रायोगिक भाषाविज्ञान वास्तविक संसारको भाषामा आधारित समस्या र मुद्दाहरुमा आधारित रहेको छ । (मुख्यतः भाषाप्रयोग, भाषिक मूल्याङ्कन, भाषा सम्पर्क, बहुभाषिकता, भाषा नीतिहरु, भाषा सिकाइ र शिक्षणजस्ता मुद्दाहरु)
- प्रायोगिक भाषाविज्ञानले भाषामा आधारित समस्या समाधान गर्न भाषाविज्ञानबाहिरका विधागत ज्ञानलाई समावेश गर्छ । (मानवशास्त्र, कम्प्युटर प्रोग्राम, शिक्षाशास्त्र, अर्थशास्त्र, अङ्ग्रेजी, साहित्य, मापन, राजनीतिशास्त्र, मनोविज्ञान, समाजशास्त्र आदि)
- प्रायोगिक भाषाविज्ञान आवश्यकताको अन्तर्विधागत क्षेत्र हो (किनकि भाषाविज्ञानको प्रयोग गरेर पनि भाषाका केही मुद्दाहरु कुनै एकल विधागत ज्ञानको उपयोगबाट समाधान गर्न सकिन्छ ।)
- प्रायोगिक भाषाविज्ञानले भाषिक मुद्दाका मुख्य समूहलाई साझा रुपमा समेट्छ र धेरै प्रायोगिक भाषाविज्ञहरुका कामका आधारमा पहिचान गर्न सकिने गरी अभ्यास गर्छ ।
- प्रायोगिक भाषाविज्ञानले पहिचानयोग्य उपक्षेत्रहरुलाई आफूमातहत समेट्छ । जस्तै : भाषाविज्ञान, भाषा परीक्षण, भाषा नीति र योजना, शब्दकोश, दोस्रो भाषा आर्जन, दोस्रो भाषा लेखन, अनुवाद र व्याख्या आदि ।
- प्रायोगिक भाषाविज्ञानले अन्य भाषासँग सम्बन्धित क्षेत्रका मुद्दा समावेश गर्ने रुपमा आफैलाई परिभाषित गर्छ ।

(पहिलो भाषाको साक्षरता अध्ययन, भाषिक रोगविज्ञान, प्राकृतिक भाषा प्रशोधन आदि) उपर्उल्लिखित नौ बुँदाहरुले प्रायोगिक भाषाविज्ञानका महŒवपूर्ण पक्षहरुलाई समग्रतः उजागर गर्छन् । साथै यसको विस्तीर्ण प्रकृतिलाई समेत दर्साउँछन् ।

वर्तमान सन्दर्भमा प्रायोगिक भाषाविज्ञानको क्षेत्र निकै नै विस्तीर्ण बनेको छ । डेभिस र क्याथ्रिन (सन् २००४) का अनुसार “प्रायोगिक भाषाविज्ञानले सङ्कुचित अर्थमा भाषा शिक्षणलाई जनाउँदछ भने वृहत् अर्थमा वाक्चिकित्सा, अनुवाद, भाषायोजनालगायतलाई दर्साउँछ” (पृ २) । सङ्कथन विश्लेषण, शैलीविज्ञान, कोशविज्ञान, अनुवादविज्ञान, प्रकरणार्थविज्ञान, वाक्चिकित्सा, व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, भाषा नीति र योजना, द्विभाषिकता, बहुभाषिकता, साङ्केतिक भाषाविज्ञानलगायतका अनेकन् क्षेत्रहरु पनि यसैअन्तर्गत समेटिन्छन् ।

प्रायोगिक भाषाविज्ञान भाषा विषयक बहुविध क्षेत्रका लागि उपयोगी रहेको छ । भाषावैज्ञानिक कर्डर र कुक, (सन् १९७३, २००३) का अनुसार प्रायोगिक भाषाविज्ञानको मुख्य काम भाषाविज्ञान र भाषा प्रयोगका बिच मध्यस्थताको भूमिका निर्वाह गर्नु हो । जुन भाषासम्बद्ध समस्याको समाधानतर्फ अभिमुख रहेको छ । कप्लान (सन् २००२) का दृष्टिमा

प्रायोगिक भाषाविज्ञानको मुख्य काम सिद्धान्त र अभ्यासका बिचको मध्यस्थता गर्नु हो । भाषा प्रयोगको सूक्ष्म अनुशीलनमा आधारित प्रयोगिक भाषाविज्ञानको उपयोगिता सम्बन्धमा केही चर्चा परिचर्चा पाइने भए पनि व्यापक रुपमा उल्लेख गरिएको देखिँदैन । जसलाई समेटेर प्रस्तुत अध्ययन गरिएको छ । यसबाट प्रायोगिक भाषाविज्ञानको उपयोगिताबारे विस्तृत जानकारी प्रवाह हुने अपेक्षा गरिएको छ । अतएव प्रस्तुत अध्ययनको मुख्य उद्देश्य प्रायोगिक भाषाविज्ञानको उपयोगिता प्रस्तुत गर्नु रहेको छ । यसका अन्य उद्देश्यहरुमा प्रायोगिक भाषाविज्ञानको शिक्षणीय र शिक्षणेतर उपयोगिता प्रस्तुत गर्नु रहेका छन् ।

अध्ययन विधि

प्रस्तुत अध्ययनमा निम्नानुसारका विधि अवलम्बन गरिएको छ :

अध्ययनीय दृष्टिकोण

अध्ययनीय दृष्टिकोणलाई अध्ययन, अनुसन्धानका निम्ति बाटो देखाउने तरिकाका रुपमा लिने गरिन्छ । डेन्जिन एन्ड लिङ्कन (सन् २००५) का दृष्टिमा अध्ययनीय दृष्टिकोण सैद्धान्तिक कुरालाई प्रायोगिक जगत्सँग संयोजित तुल्याउने मार्गदर्शन हो । प्रस्तुत अध्ययनमा वास्तविकता ज्ञाताको निर्मितिमा आधारित हुन्छ भन्ने मान्यतालाई अवलम्बन गरिएको छ ।

अध्ययन ढाँचा

कुनै पनि अनुसन्धानमा मूलतः तीन प्रकृतिका ढाँचाहरुको अवलम्बन गर्ने गरिन्छ । जसअन्तर्गत परिमाणात्मक ढाँचा, गुणात्मक ढाँचा र मिश्रित ढाँचा पर्दछन् । यी तीन प्रकारका ढाँचामध्ये प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा आधारित रहेको छ । यसमा गुणात्मक तरिकाले प्राप्त तथ्यको अध्ययन विश्लेषण गरिएको छ ।

अध्ययनीय विषय र नमुना छनोट

प्रस्तुत अध्ययनको मुख्य विषय प्रायोगिक भाषाविज्ञानको उपयोगिता रहेको छ । यस अध्ययनमा नमुना छनोटका विभिन्न तरिकामध्ये उद्देश्यमूलक नमुना छनोट विधि अपनाइएको छ । प्रस्तुत अध्ययनमा प्रायोगिक भाषाविज्ञानको उपयोगिताबारे चर्चा गरिएका सामग्रीहरुलाई अध्ययनीय विषयका रुपमा लिइएको छ । यस क्रममा मूलतः अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरुलाई छनोट गरिएको छ भने अंशतः नेपाली सामग्रीहरुको उपयोग गरिएको छ ।

तथ्य विश्लेषण प्रक्रिया

प्रस्तुत अध्ययनमा गुणात्मक अध्ययन विधिका आधारमा प्राप्त तथ्यको विश्लेषण गरिएको छ । यसमा सङ्कलन गरिएका सामग्रीहरुको विश्लेषणार्थ आगमन विधिको अवलम्बन गरिएको छ । यस क्रममा प्रायोगिक भाषाविज्ञानको उपयोगितालाई विभिन्न शीर्षकमा उल्लेख गरी विश्लेषण गरिएको छ । यसमा आवश्यकतानुसार उदाहरणहरु पनि प्रस्तुत गरिएको छ ।

व्याख्या विश्लेषण

प्रायोगिक भाषाविज्ञानको उपयोगितालाई प्रस्तुत गर्नुपूर्व यससम्बन्धी अवधारणा प्रस्तुत गर्नु सान्दर्भिक ठानिएको छ । किनभने यससम्बन्धी दृष्टिकोणका आधारमा पनि प्रायोगिक भाषाविज्ञानको उपयोगिताबारे जानकारी ग्रहण गर्न सकिन्छ । यस सम्बन्धमा मुख्यतः तीन ओटा दृष्टिकोणहरु देखा परेका छन् :

- सिद्धान्तमा आधारित विधा : यसअनुसार प्रायोगिक भाषाविज्ञान सिद्धान्तमा आधारित विधा हो । यसले सैद्धान्तिक भाषाविज्ञानका विधि र निष्कर्षलाई आफ्नो अन्तर्दृष्टि विकासका लागि उपयोग गर्छ । प्रायोगिक भाषावैज्ञानिकहरुले यसलाई आफैमा विधाका रुपमा स्थापित गर्न चाहन्छन् । यस दृष्टिकोणलाई राउलेट (सन् १९७३), हुलेन (सन् १९७४), स्पिलनर (सन् १९७५), विडोसन (सन् १९७९), कप्लान (२०००) लगायतले समर्थन गरेको पाइन्छ ।
- समस्याकेन्द्रित विधा : यसअनुसार प्रायोगिक भाषाविज्ञान समस्याकेन्द्रित विधा हो । यसले सैद्धान्तिक भाषाविज्ञानको विधि र निष्कर्षलाई भाषा प्रयोगका क्रममा देखा परेका सामजिक एवम् व्यावहारिक समस्या समाधानमा प्रयोग गर्छ । यसमा भाषा सिकाइ, भाषाशिक्षण, साक्षरता, भाषा सम्पर्क, भाषा नीति र योजना, भााषिक मूल्याङ्कन, भाषा प्रयोग, भााषा र प्रविधि, अनुवाद र व्याख्या, भाषा प्रयोगशालालगायतका विविध क्षेत्रसम्बद्ध समस्याहरु अध्ययनीय समस्याका रुपमा देखा पर्न सक्छन् । यसलाई एस. पिट. कर्डर (सन् १९७३) सँग सम्बन्धित दृष्टिकोणका रुपमा लिइन्छ ।
- क्रियाकलापमा आधारित विधा : यस दृष्टिकोणअनुसार प्रायोगिक भाषाविज्ञान आफैमा प्रयोग हो, सिद्धान्त होइन । यसले कक्षाकोठामा शिक्षण गर्दा शिक्षक स्वयम्ले आफ्नो कक्षा पढाउँछन् । त्यसैले शिक्षक मूलतः प्रायोगिक भाषाविज्ञानमा आधारित हुन्छन् भन्ने मान्यता प्रस्तुत गर्छ । साथै प्रायोगिक भाषाविज्ञानलाई सिकाइ क्रियाकलापका रुपमा व्याख्या गर्दछ । यस किसिमको अवधारणा एस. पिट. कर्डर (सन् १९७३) सँग सम्बन्धित रहेको छ ।

उल्लिखित दृष्टिकोणअनुसार प्रायोगिक भाषाविज्ञान सिद्धान्तकेन्द्री, समस्याकेन्द्री र क्रियाकलाप वा प्रयोगकेन्द्री शास्त्रका रुपमा देखा पर्छ ।

वस्तुतः प्रायोगिक भाषाविज्ञानले भाषाविज्ञान, समाजशास्त्र, मनोविज्ञान, मानवशास्त्र आदिबाट आवश्यक सूचना लिई भाषा र भाषा प्रयोगका समस्या समाधानका लागि सैद्धान्तिक खाका निर्माण गर्ने मानिन्छ । अर्थात् यी क्षेत्रहरु प्रायोगिक भाषाविज्ञानका स्रोतका रुपमा देखा पर्छन् । जसमध्ये भाषाविज्ञान भाषाको सैद्धान्तिक अध्ययनसँग, समाजशास्त्र मानिसको सामाजिक व्यवहारको वैज्ञानिक अध्ययनसँग, मनोविज्ञान भाषा आर्जन, प्रयोग र बोध प्रक्रियामा मनोवैज्ञानिक प्रभावको अध्ययनसँग र मानवशास्त्र मानव र मानव व्यवहारको अध्ययनसँग सम्बन्धित रहेका छन् । त्यसो त प्रायोगिक भाषाविज्ञानलाई विभिन्न पक्षका बिचको मध्यस्थताका रुपमा पनि व्याख्या गरिएको पाइन्छ । भाषावैज्ञानिक कर्डर र कुक, (सन् १९७३, २००३) का अनुसार प्रायोगिक भाषाविज्ञानको मुख्य काम भाषाविज्ञान र भाषा प्रयोगका बिच मध्यस्थताको भूमिका निर्वाह गर्नु हो । जुन भाषासम्बद्ध समस्याको समाधानतर्फ अभिमुख रहेको छ । कप्लान (सन् २००२) का अनुसार चाहिँ प्रायोगिक भाषाविज्ञानको मुख्य काम सिद्धान्त र अभ्यासका बिचको मध्यस्थता गर्नु हो । यी दृष्टिकोणहरुबाट पनि के अवधेय हुन्छ भने प्रायोगिक भाषाविज्ञान भाषाका सिद्धान्तहरुको व्यावहारिक उपयोगिताको अध्ययन गर्ने शास्त्र हो । यसमा कुनै पनि भाषालाई प्रकार्यपरक कोणबाट अध्ययन विश्लेषण गरिन्छ ।

उल्लिखित आधारमा प्रायोगिक भाषाविज्ञानलाई मुख्य दुई अर्थमा व्याख्या गर्न सकिन्छ :

- दैनिक जीवनमा आइपर्ने भाषा प्रयोगसम्बन्धी समस्या समाधानका लागि गरिने अध्ययन प्रायोगिक भाषाविज्ञान हो ।
- विशिष्ट परिवेशमा व्यवहृत भाषा र त्यसनिबद्ध विषयको खोज-अनुसन्धान गर्नु प्रायोगिक भाषाविज्ञान हो ।

सम्प्रति प्रायोगिक भाषाविज्ञान भाषाविज्ञानको स्वतन्त्र शाखाका रुपमा विकसित भइसकेको छ । यस क्षेत्रमा विद्यालयका भाषा शिक्षक - जसले भाषा शिक्षण गर्छन्, दार्शनिकहरु - जसले भाषालाई खोज, अध्ययन र अनुसन्धानको मुख्य साधन मान्छन्, मानवशास्त्रीहरु - जसले भाषालाई मानिसको अभिन्न अङ्ग मान्छन्, लेखक/कवि - जसले भाषालाई आदर्श वा विचार प्रवाहको माध्यम ठान्छन्, मनोवैज्ञानिकहरु - जसले मानवीय व्यवहार बोधका लागि भाषालाई अत्यावश्यक मान्छन्, समाजशास्त्रीहरु - जसले भाषालाई समाजको दर्पण ठान्छन् लगायतको रूचि रहेको छ ।

प्रायोगिक भाषाविज्ञान भाषा प्रयोगको अध्ययनसम्बद्ध विषय भएकाले भाषा प्रयोगका समस्त क्षेत्रका लागि यो उपयोगी रहेको स्पष्ट हुन्छ । यसको क्षेत्र व्यापक रहेकाले यसको उपादेयता पनि तदनुरुप देखा पर्छ । यसले सैद्धान्तिक भाषाविज्ञानले स्थापित गरेका तथ्यगत परिणामलाई विभिन्न क्षेत्रमा अनुप्रयोग गर्दछ । यो वास्तविक संसारका भाषा प्रयोगसँग सम्बन्धित समस्याहरुको पहिचान र समाधानमा केन्द्रित रहेको देखिन्छ । प्रायोगिक भाषाविज्ञानले भाषावैज्ञानिक मान्यताको प्रयोग व्यवहार एवम् अभ्यासका क्रममा समाजशास्त्र, शिक्षाशास्त्र, मनोविज्ञान, मानवशास्त्र आदिबाट आवश्यक स्रोत ग्रहण गर्ने मानिन्छ ।

प्रायोगिक भाषाविज्ञानको विकास भाषाशिक्षणबाट प्रारम्भ भएको भए पनि भाषा प्रयोगका बहुविध क्षेत्रहरुसम्म यो विस्तीर्ण हुन पुगेको देखिन्छ । त्यसो त भाषाशिक्षणसम्बद्ध क्षेत्रलाई यसको लघु क्षेत्रका रुपमा र सोबाहेकको क्षेत्रलाई वृहत क्षेत्रका रुपमा लिने गरिन्छ । यस वस्तुतालाई दृष्टिगत गरी प्रायोगिक भाषाविज्ञानको उपादेयतालाई शिक्षणीय र शिक्षणेतर रुपमा चर्चा गर्नु युक्तिसङ्गत देखिन्छ ।

शिक्षणीय उपादेयता

प्रायोगिक भाषाविज्ञानको शिक्षणीय उपादेयता भाषाशिक्षण र यससम्बद्ध विभिन्न पक्षमा आधारित रहेको छ । प्रायोगिक भाषाविज्ञान सिकाइ शिक्षणका सन्दर्भमा केकति लाभप्रद छ र यसको उपयोग तत्सन्दर्भमा कसरी हुन सक्छ भन्ने चासोका साथ गरिएका अध्ययन अनुसन्धानले यसको उपयोगिता सिद्ध गरेका छन् ।

प्रायोगिक भाषाविज्ञानको शैक्षणिक उपादेयता सम्बन्धमा भाषाविद लम्साल (२०६१) ले तीन किसिमका अवधारणा पाइने कुरा उल्लेख गरेका छन् : (क) यथास्थितिवादी, (ख) प्रत्यक्ष उपयोगितावादी र (ग अप्रत्यक्ष उपयोगितावादी ।

(क) यथास्थितिवादी दृष्टिकोण

यो दृष्टिकोण भाषा सिकाइ शिक्षणका सन्दर्भमा प्रायोगिक भाषाविज्ञानबाट सहयोग पुग्दैन भन्ने अवधारणामा आधारित रहेको छ । यस किसिमको दृष्टिकोणका पक्षपातीहरुले सैद्धान्तिक र प्रयोगिक भाषाविज्ञानलाई अलग-अलग एवम् असम्बद्ध विषय क्षेत्रका रुपमा

व्याख्या गर्छन् र भाषा सिकाइ शिक्षणमा प्रयोगिक भाषाविज्ञानको भूमिका शून्य देख्छन् । त्यसैले यस दृष्टिकोणका पक्षधरहरुलाई सङ्कीर्ण विचारकका रुपमा लिने गरिन्छ । यस दृष्टिकोणका अनुयायी भाषावैज्ञानिकहरुको सङ्ख्या कमै रहेको मानिन्छ ।

(ख) प्रत्यक्ष उपयोगितावादी दृष्टिकोण

यो दृष्टिकोण भाषा सिकाइ शिक्षणका सन्दर्भमा प्रयोगिक भाषाविज्ञानले प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउँदछ भन्ने मान्यतामा आधारित रहेको छ । यस किसिमको दृष्टिकोणका अनुयायीहरुले प्रायोगिक भाषाविज्ञानको उद्भव र विकास भाषाशिक्षणका सन्दर्भबाट भएको बताउँदै भाषाशिक्षणमा यसको सिधा सम्बन्ध रहने कुरा उल्लेख गर्छन् । सैद्धान्तिक भाषावैज्ञानिकहरुले भने यस किसिमको दृष्टिकोणलाई ठाडै अस्वीकार गर्छन् । यस दृष्टिकोणका परिपोषक भाषावैज्ञानिकहरुको सङ्ख्या निकै कमै रहेको मानिन्छ ।

(ग) अप्रत्यक्ष उपयोगितावादी दृष्टिकोण

यो दृष्टिकोण भाषा सिकाइ शिक्षणका सन्दर्भमा प्रयोगिक भाषाविज्ञानले परोक्ष सहयोग पुऱ्याउँछ भन्ने मान्यतामा आधारित रहेको छ । यस दृष्टिकोणका पक्षपातीहरुले प्रायोगिक भाषाविज्ञान भाषाको प्रयोग पक्षमा आधारित भएकाले कुनै न कुनै रुपमा यसले सिकाइ शिक्षणलाई सहयोग गर्ने विचार प्रकट गर्छन् । प्रयोगिक भाषाविज्ञानको उपयोगिताका सन्दर्भमा अधिकांश भाषावैज्ञानिकहरु यसै दृष्टिकोणका पक्षपाती रहेका छन् । यस दृष्टिकोणलाई मध्यमार्गी दृष्टिकोणका रुपमा पनि लिने गरिएको छ । यस दृष्टिकोणका अनुयायी भाषावैज्ञानिकहरुमा ब्लुमफिल्ड, ल्याडो, चम्स्की, हालिडे, क्याटफोर्ड, विडोसन, एलेन आदि रहेका छन् ।

प्रायोगिक भाषाविज्ञानको उपयोगिता सम्बन्धमा देखा परेका उल्लिखित दृष्टिकोणहरुका आधारमा अप्रत्यक्ष उपयोगितावादी दृष्टिकोण अन्य दृष्टिकोणका तुलनामा उत्तम देखिएको छ ।

सिकाइ शिक्षणका सन्दर्भमा प्रायोगिक भाषाविज्ञानको एउटा महत्वपूर्ण कार्य पहिलो भाषा, दोस्रो भाषा र विदेशी भाषाको सिकाइ शिक्षणमा सहायता प्रदान गर्नु हो । भाषा शिक्षण तथा भाषा आर्जनका यी क्षेत्रहरुमध्ये दोस्रो र विदेशी भाषाको सिकाइ शिक्षणमा यसको झुकाव बढी देखिन्छ । म्याक्क्यार्थी (सन् २००१) का अनुसार भाषाशिक्षणसम्बद्ध व्याकरण शिक्षण र कोशीय समस्या समाधान गर्नका लागि प्रयोगिक भाषाविज्ञानको आवश्यकता पर्छ । सिकाइ शिक्षणका सन्दर्भमा प्रायोगिक भाषाविज्ञानबाट परोक्ष रुपमा सहयोग पुग्ने केही मुख्य क्षेत्रहरुको चर्चा निम्नानुसार गरिएको छ :

- शैक्षिक सामग्री निर्माण र व्यवस्थापन : वस्तुतः प्रायोगिक भाषाविज्ञानले सिकाइ शिक्षणका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीको निर्माण र त्यसको व्यवस्थापनमा सघाउँदछ । यस क्रममा यसले भाषापाठ्यक्रम निर्माण, भाषापाठ्यपुस्तक निर्माण, सिकाइ शिक्षणका लागि आवश्यक अन्य सामग्रीहरुको उत्पादन र त्यसअन्तर्गत समावेश गरिने विषयवस्तुको उपयुक्त समायोजनका लागि आवश्यक छनोट-स्तरणगत सुझ प्रदान गर्दछ ।

- सिकाइ शिक्षणगत सुझ प्रदान : प्रायोगिक भाषाविज्ञानले शिक्षकलाई भाषाले कसरी काम गर्छ भन्नेबारे अन्तर्दृष्टि उपलब्ध गराउँदछ । यसले शिक्षकलाई भाषा र

भाषाशिक्षणका बारेमा रहेका गलत बुझाइ वा अन्यौल निवारण गर्न सहयोग गर्दछ। विगतमा भाषाका बारेमा राम्रो ज्ञान नहुँदा भाषाबारे अपूर्ण बोध कायम रह्यो र त्यसैअनुसार शिक्षण पनि भयो। यसबाट मुक्त गर्न प्रायोगिक भाषाविज्ञानले सघाउँदछ।

- प्रभावकारी सिकाइ शिक्षण : प्रायोगिक भाषाविज्ञानले भाषापाठ्यक्रम तथा भाषापाठ्यपुस्तकमा निर्दिष्ट एवम् समाविष्ट विषयवस्तुको प्रभावकारी शिक्षणका लागि आवश्यक शैक्षिक सामग्रीको छनोट, शिक्षण विधि चयन र सोहीअनुरुपका क्रियाकलापका लागि आवश्यक ज्ञान उपलब्ध गराउँदछ। यसबाट सिकाइ शिक्षणको प्रभावकारिताका लागि सहयोग पुग्ने मानिन्छ।

- सिकाइ शिक्षणका समस्या समाधान : प्रयोगिक भाषाविज्ञानले व्याकरण शिक्षण, शब्दभण्डार शिक्षण, उच्चारण शिक्षण आदिमा देखा परेका भाषापरक समस्या समाधानका लागि महत्वपूर्ण सहयोग उपलब्ध गराउँदछ। यस क्रममा यसले सिकारूको तह, कक्षा र उमेरअनुसारका सामग्रीको चयन र भाषा प्रयोगका लागि अन्तर्दृष्टि प्रदान गर्दछ। यस क्रममा आवश्यकतानुसार व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, शैली विश्लेषण, सङ्कथन विश्लेषण आदि कार्यका लागि आवश्यक खुराक उपलब्ध गराउँदछ।

- समालोचनात्मक अध्ययन : प्रायोगिक भाषाविज्ञानले समालोचनात्मक अध्ययनका लागि उपयोगी आलोचनात्मक सङ्कथन विश्लेषण, आलोचनात्मक शिक्षण, आलोचनात्मक मूल्याङ्कन अभ्यास, भाषिक मूल्याङ्कनमा नैतिकता आदि कार्यका लागि आवश्यक सहायता प्रदान गर्दछ।

- भाषाको व्याख्यात्मक वर्णन : प्रायोगिक भाषाविज्ञानले कर्पस भाषाविज्ञान, भाषिक भेदको अध्ययन, विधागत विविधता अध्ययनका लागि आवश्यक सहयोग पुऱ्याउँदछ। यसबाट विभिन्न सन्दर्भमा व्यवहृत भाषाको उपयुक्त व्याख्याका लागि आवश्यक सुझ प्राप्त हुन्छ।

- द्विभाषिक-बहुभाषिक अन्तर्क्रिया अध्ययन : भाषा प्रयोगका सन्दर्भमा द्विभाषिक र बहुभाषिक स्थिति समाज र कार्य क्षेत्रमा मात्र सीमित नरहेर विद्यालयमा समेत देखा पर्छ। यस्तो अवस्थामा सिकाइ शिक्षणलाई प्रभावकारी बनाउन र भिन्न भिन्न पृष्ठभूमिका विद्यार्थीबिच क्रिया अन्तर्क्रिया गराउन प्रायोगिक भाषाविज्ञानले आवश्यक सहयोग पुऱ्याउँदछ।

- भाषिक परीक्षण र मूल्याङ्कन : सिकाइ शिक्षणपश्चात् विद्यार्थीले हासिल गरेको उपलब्धि मापनका लागि प्रयोग गरिने भाषाको कुराले विगत केही दशकदेखि महत्व पाउँदै गएको छ। भाषिक परीक्षणीय वैधानिकताका लागि पनि उपयुक्त प्रश्न निर्माण र अपेक्षित भाषाको प्रयोग वाञ्छनीय हुन्छ। यस कायार्थ आवश्यक दृष्टिकोण प्रायोगिक भाषाविज्ञानले उपलब्ध गराउँदछ।


यस दृष्टिले प्रयोगिक भाषाविज्ञान भाषा शिक्षणका क्षेत्रमा संलग्न सिकारू, शिक्षक, प्रशिक्षक, पाठ्यक्रमविद्, पाठ्यपुस्तक लेखक, सिकाइ सामग्री उत्पादक आदिका लागि उपयोगी प्रतीत हुन्छ। यस प्रकरणमा स्मरणीय के छ भने कक्षा शिक्षणका सन्दर्भमा भाषाविज्ञानद्वारा प्रतिपादित ज्ञान र प्रायोगिक भाषाविज्ञानका मान्यताहरुलाई कक्षाकोठामा प्रत्यक्षतः शिक्षण

गरिँदैन । बरू सिकाइ शिक्षणका लागि आवश्यक सैद्धान्तिक, व्यावहारिक भाषावैज्ञानिक सुझलाई परोक्ष रुपमा प्रयोग व्यवहार गरिन्छ ।

भाषाशिक्षणका सन्दर्भमा भाषाविज्ञानको प्रयोगले भाषावैज्ञानिक ज्ञानको आवश्यकता एवम् सान्दर्भिकतालाई जनाउँदछ । वस्तुतः भाषाशिक्षणलाई सग्लो चरणमा सम्पन्न हुने कार्यका रुपमा नभई विभिन्न चरणमा सम्पन्न हुने कार्यका रुपमा व्याख्या गरिएको पाइन्छ । भाषाशिक्षणमा भाषावैज्ञानिक प्रयोगको सान्दर्भिकता सम्बन्धमा चर्चा गर्दै भाषावैज्ञानिक कर्डर (सन् १९७३, पृपृ. १४४-१४५) ले यसका तीन चरण प्रस्तुत गरेका छन् :


पहिलो चरणको प्रयोग

भाषाशिक्षणका क्रममा भाषावैज्ञानिक सिद्धान्तको अनुप्रयोग गर्ने पहिलो चरणको कार्य सम्बन्धित भाषा र त्यसका भाषिकाहरुको व्याख्यासँग सम्बन्धित रहेको छ । यस चरणमा सम्बन्धित भाषाबाट आवश्यक तथ्याङ्क सङ्कलन गरी त्यसको परीक्षण गरिन्छ । मातृभाषी विद्यार्थीलाई आफ्नो भाषाको समग्र जानकारी नहुने भएकाले र सिकारूलाई भाषाका समग्र कुराहरु सिकाउन सम्भव नहुने भएकाले आवश्यक कुरा सिकाउने गरी क्रम निर्धारण गर्नु पर्ने हुन्छ । कर्डरका अनुसार यस चरणको कार्यलाई निम्नानुसार देखाउन सकिन्छ :





दोस्रो चरणको प्रयोग

दोस्रो चरण पाठ्यक्रमको विषयवस्तु विशिष्टीकरणसँग सम्बन्धित रहेको छ । यस चरणका लागि पहिलो चरणको अनुप्रयोग पूर्वावश्यक हुन्छ । यस चरणमा सिकाइका लागि आवश्यक विषयवस्तुको छनोट गरिन्छ । यस क्रममा उपयोगिताको आधार (सिकारूले सिक्न आवश्यक विषयवस्तुको समावेशन), भिन्नताको आधार (पहिलो, दोस्रो वा विदेशी भाषाका रुपमा शिक्षण गरिने हो) र कठिनाइ स्तरलाई ख्याल गर्नु पर्दछ । यस चरणको कार्यलाई निम्नानुसार देखाउन सकिन्छ :




तेस्रो चरणको प्रयोग

यस चरणमा दोस्रो चरणमा निर्धारण गरिएका विषयवस्तुलाई विभिन्न सैद्धान्तिक आधारमा सुसंरचित तुल्याइन्छ। त्यस्ता सिद्धान्त अन्तर्गत सामाजिक भाषाविज्ञान, मनोभाषाविज्ञान लगायतको प्रयोग व्यवहार हुन्छ। यस क्रममा विषयवस्तु र विधिलाई सिकाइ शिक्षणको उपयुक्त क्रममा राखी प्रस्तुत गर्ने काम हुन्छ। यस चरणको कार्यलाई निम्नानुसार देखाउन सकिन्छ :




समग्रतः उल्लिखित तीन चरणलाई निम्नानुसार देखाउन सकिन्छ :

| प्रयोग | सिद्धान्त | प्रक्रिया | तथ्य सामग्री |
|---|---|---|---|
| पहिलो चरण | भाषाविज्ञान र सामाजिक भाषाविज्ञान | व्याख्या | भाषिक उच्चारहरु |
| दोस्रो चरण | भाषाविज्ञान र सामाजिक भाषाविज्ञान | तुलना र छनोट | भाषाहरुको व्याख्या |
| तेस्रो चरण | भाषाविज्ञान, सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान | सङ्गठन र प्रस्तुति | पाठ्यवस्तु शिक्षण सामग्री |

शिक्षणेतर उपादेयता

प्रायोगिक भाषाविज्ञानको उपादेयता भाषाशिक्षणका अतिरिक्त शिक्षणेतर विविध क्षेत्रमा पनि रहेको छ। प्रायोगिक भाषाविज्ञानले भाषा प्रयोगका समस्त क्षेत्रलाई समेट्ने र भाषा प्रयोगसम्बद्ध समस्याको समाधानमा अभिमुख हुने भएकाले यसको आवश्यकता स्वाभाविक देखिन्छ। कप्लान (सन् २००२) का अनुसार प्रायोगिक भाषाविज्ञानले मानिसले वास्तविक जीवनमा भोगेका भाषासम्बद्ध समस्या समाधानमा सघाउँछ। त्यस्ता मानिसहरु सिकारू, शिक्षक, परीक्षक, प्राज्ञ, वकिल, सेवा प्रदायक, सेवाग्राही, नीति निर्माता, कोशकार, अनुवादक, व्यापारिक ग्राहक आदि हुन सक्छन्। यसबाट के अवधेय हुन्छ भने भाषा प्रयोगका समस्या समाधानार्थ प्रायोगिक भाषाविज्ञानको आवश्यकता सर्वत्र छ।

प्रायोगिक भाषाविज्ञानले दैनिक प्रयोगको भाषाका अतिरिक्त कुराकानी वा च्याटिङ, खेल खेलाइ, गीत गायन, कथा कथन, प्रार्थना, सूचना प्रवाहलगायतका विभिन्न भाषिक प्रयोगका समस्याको समाधानमा पनि सघाउँदछ। वस्तुतः वास्तविक संसारका भाषासँग सम्बन्धित

समस्या समाधान गर्नका लागि भाषावैज्ञानिक ज्ञानको प्रयोग, भाषाविज्ञानका विभिन्न शाखाहरुको अनुप्रयोग तथा भाषावैज्ञानिक सिद्धान्त, नमुना र व्याख्याको प्रयोग आवश्यक हुन्छ ।

प्रायोगिक भाषाविज्ञानले समेट्ने शिक्षणेतर क्षेत्रअन्तर्गत सङ्कथन विश्लेषण, शैलीविज्ञान, कोशविज्ञान, अनुवादविज्ञान, प्रकरणार्थ भाषाविज्ञान, सामाजिक भाषाविज्ञान, मनोभाषाविज्ञान, स्नायुविज्ञान, मानवशास्त्रीय भाषाविज्ञान, जातिभाषिक अध्ययन, प्रतीकविज्ञान, भाषिकाविज्ञान, गणितीय भाषाविज्ञान, अर्थशास्त्रीय भाषाविज्ञान, कर्पस भाषाविज्ञान, सूचना तथा सञ्चार विज्ञान, भाषा योजना, बोली उपचारलगायतका क्षेत्र पर्दछन् । भाषा प्रयोगका यी विभिन्न क्षेत्रहरुको सूक्ष्म अध्ययन अनुसन्धान गरी तत्तत् प्रयोजनार्थ आवश्यक सुझ प्रदान गर्न प्रायोगिक भाषाविज्ञान उपयोगी रहेको मानिन्छ । प्रायोगिक भाषाविज्ञानको शिक्षणेतर उपादेयताअन्तर्गत अनेकौं सन्दर्भहरु प्रस्तुत गर्न सकिने भए पनि पाठ्यक्रमगत प्रकृतिअनुरुप यसलाई सीमित तुल्याइएको छ ।

## निष्कर्ष

प्रायोगिक भाषाविज्ञानको उपयोगितामा आधारित प्रस्तुत अध्ययनका आधारमा यससम्बन्धी विभिन्न निष्कर्ष निकालिएको छ । वस्तुतः प्रायोगिक भाषाविज्ञान भाषाको प्रयोगपरक अध्ययनमा आधारित शास्त्रका रुपमा देखा परेको छ । प्रायोगिक भाषाविज्ञान पदावलीको प्रथम प्रयोग सन् १९३१ मा प्रकाशित लक हार्टको कृति वर्ड इकनमीः अ स्टडी इन अप्लाइड लिङ्ग्विस्टिक्स मा गरिएको भए पनि यसले सन् १९४८ पछि व्यापक चर्चा र विस्तार पाउँदै गएको देखिन्छ । परम्परागत दृष्टिमा यसले दोस्रो भाषाशिक्षण र विदेशी भाषाशिक्षणका क्षेत्रमा देखा परेका समस्याहरुको समाधानलाई मात्र दर्साएको मानिन्छ । वर्तमान सन्दर्भमा यसको दायरा निकै फराकिलो बन्दै गएको देखिन्छ । प्रायोगिक भाषाविज्ञानको उपयोगिता वृहत् देखिने भए पनि यसको उपयोगितालाई मूलतः शिक्षणीय उपयोगिता र शिक्षणेतर उपयोगिता गरी दुई भागमा वर्गीकृत गरी उल्लेख गर्नु उपयुक्त देखिन्छ । शिक्षणीय सन्दर्भमा आधारभूत भाषिक सिप विकास, भाषिका प्रयोग, विद्यालयीय भाषा प्रयोग, सुस्तश्रवण बालबालिकाको सिकाइ, विदेशी भाषा सिकाइ, साहित्य अध्ययन, पाठ विश्लेषणलगायतका आवश्यकता र औचित्यगत समस्याहरुको समाधान गर्न प्रायोगिक भाषाविज्ञान उपयोगी देखिन्छ भने भने शिक्षणेतर सन्दर्भमा भाषिक परिवर्तन, भाषिक संरक्षण, सम्पर्क भाषा, आधिकारिक भाषा, कानुनी भाषा, भाषिक नीति निर्माण, विभिन्न क्षेत्रमा व्यवहृत भाषिक समस्या आदिको समाधानका लागि प्रायोगिक भाषाविज्ञान उपयोगी ठहर्छ । प्रायोगिक भाषाविज्ञानको उपयोगिता अध्ययनमा आधारित प्रस्तुत अध्ययनले यस क्षेत्रमा क्रियाशील तथा रूचि राख्ने सबैलाई आवश्यकीइ सहयोग पुऱ्याउने आशा लिइएको छ ।

## *सन्दर्भ सूची*

कटिङ, जे (सन् २००८), *प्राग्मेटिक्स एन्ड डिस्कोर्स,* राउटलेज ।
कप्लान, आ. बि. (सन् २००२), *द अक्सफोर्ड हेन्डबुक अफ अप्लाइड लिङ्ग्विस्टिक्स,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।
कर्डर, एस. पिट. (सन् १९७३), *इन्ट्रोड्युसिङ् अप्लाइड लिङ्ग्विस्टिक्स,* पेन्गुइन ।
कुक, जी (सन् २००३), *अप्लाइड लिङ्ग्विस्टिक्स,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

ग्राब, डब्लु (सन् २०१०), अप्लाइड लिङ्ग्विस्टिक्स : अ ट्वान्टी फस्ट सेन्चुरी डिसिप्लिन, रोबर्ट बि. कप्लान (सम्पा), *द अक्सफोर्ड हेन्डबुक अफ अप्लाइड लिङ्ग्विस्टिक्स,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

डेन्जिन, के. एन. एम. र लिङ्कन, एस. आइ. (सन् २००५), *द सेज हेन्डबुक अफ क्वालिटेटिभ रिसर्च,* सेज पब्लिकेसन ।

डेभिस, ए. र क्याथ्रिन इ. (सन् २००४), *द हेन्डबुक अफ अप्लाइड लिङ्ग्विस्टिक्स,* ब्ल्याकवेल पब्लिकेसन ।

बन्स, मर्जी (सन् २०१०), *कन्साइस इन्साइक्लोपेडिया अफ अप्लाइड लिङ्ग्विस्टिक्स,* इल्सभायर ।

ब्रुम्फिट, सि. (सन् १९९७), हाउ अप्लाइड लिङ्ग्विस्टिक्स इज द सेम एज एनी अदर साइन्स, *इन्टरनेसनल जर्नल अफ अप्लाइड लिङ्ग्विस्टिक्स,* वर्ष ७, अङ्क १, पृपृ. ८६-९४ ।

मेकार्थी, एम. (सन् २००१), *इस्यु इन अप्लाइड लिङ्ग्विस्टिक्स,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

युल, जी (सन् २०००), *प्रग्माटिक्स,* अक्स्फोर्ड युनिभर्सिटी प्रेस ।

लम्साल, रामचन्द्र (२०६१), प्रकरणार्थविज्ञान परिचय र प्रकृति, *सम्प्रेषण,* वर्ष १, अङ्क १, पृ. १ ।

लिच, जी (सन् १९८३), *प्रिन्सिपल अफ प्रग्माटिक्स,* लङम्यान ।

लेभिन्सन एस. सि. (सन् २०१०), *प्रग्माटिक्स,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

वेल्स, के. (सन् २००१) *अ डिक्सनरी अफ स्टाइलिस्टिक्स,* पियर्सन एजुकेसन लिमिटेड ।